# स्थानीय राजपत्र

**खण्ड १) गोल्जुङबेशी रसुवा मिति २०८१।३।२० (अतिरिक्ताङ्क १०)**

## भाग-२

## आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले आमाछोदिङ्मो गाँउपालिकाको पुर्वाधार व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ बनाई सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरेको छ ।

## गाँउपालिकको पुर्वाधार व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६

प्रस्तावना :

आमाछोदिङ्मो गाँउपालिका क्षेत्र भित्र पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानिय जनतालाई पुर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२

आमाछोदिङ्मो स्थानीय राजपत्र

बमोजिम आमाछोदिङ्मो गाँउकार्यपालिकाले आमाछोदिङ्मो गाँउपालिका पुर्वाधार व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम प्रारम्भ :

९१) यस कार्यविधिको नाम “गाँपालिकाको पुर्वाधार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ रहेको छ ।

९२) यो कार्यविधि गाँउकार्यपालिकाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अका अर्थ नलागेमा यस कार्यविधिमा

९क) “अध्यक्ष” भन्नाले गाँपालिकाकोे अध्यक्ष सम्झनुुपर्छ ।

९ख) “उपाध्यक्ष” भन्नाले गाँपालिकाको उपाध्यक्ष सम्झनुुपर्नेछ ।

९ग) “गाँउपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको गाँउपालिका सम्झनु पर्छ ।

९घ) “कार्यपालिका” भन्नाले गाँपालिकाको कार्यपालिकालाई सम्झनु पर्नेछ ।

९ङ) “गाँउसभा” भन्नाले संविधानका धारा २२२ का उपधारा (१) बमोजिमका गाँउ सभा
सम्झनुु पर्छ ।

९च) “पुर्वाधार” भन्नाले यस कार्यविधिको अनुसुची १ मा उल्लेख भए बमोजिमको विषयसँग सम्बन्धित भौतिक पुर्वाधारलाई सम्झनु पर्दछ ।

९छ) “जलश्रोत” भन्नाले गाँउपालिका क्षेत्र भित्रको भु—सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

९ज) “अमानत” भन्नाले ठेक्कमा नलगाइ गाँउपालिका आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा लेखा सम्बन्धी कार्य सम्झनु पर्छ ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

परिच्छेद २

स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. स्थानीय सडकहरुको वर्गिकरण :

९१) गाँउपालिकाले आफ्ना क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनको लागि आवश्यक्ता अनुसार सडकहरुको वर्गिकरण र वृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ ।

९२) गाँउपालिका स्तरमा मुख्यतः निम्नानुसारका सडकहरु रहनेछन :

९क) पालिका सडक : गाउँपालिकाको मध्य र महत्वपुर्ण स्थानमा रहेका सडक पालिका

सडकका रुपमा वर्गिकरण गरिनेछ । यस्ता सडकका चौडाइ न्युनतम ६मिटर हुन पर्नेछ ।

९ख) वस्ती सडक :गाँपालिकाको वस्तिहरुमा यातायातका पहुँचका लागि बनाइएका

सडकहरुलाई ग्रामिण सडकका रुपमा वर्गिकरण गरिनेछ । यस्ता सडकहरु चार देखि पाँच मिटर चौडा हुनेछन ।

९ग) कृषि सडक : गाँउपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई

जोडने सडकहरु यस अन्तगत पर्दछन । यसका न्युनतम चौडाइ ४मिटर हुन पर्दछ ।

९घ) घोडेटो मुल बाटो : मानिस र पशु चौपाया मात्र हिडने १ भन्दा बढी गाँउ वस्ती जोडने बाटोलाई घोडेटो मुल बाटोको रुपमा वर्गिकरण गरिनेछ । यसको न्युनतम चौडाइ २ मिटरको हुनेछ ।

९ङ) गोरेटो बाटो : मानिस र चौपाया हिडने वस्तीबाट घोडेटो मुलबाटो वा वस्ती सडकसम्म जोडिने अधिकतम १ कि.मी. लम्बाईको सडकहरुलाई गोरटो बाटो

आमाछोदिङमो स्थानीय राजपत्र

भनिन्छ । यसको चौडाइ ४फिटको हुनेछ ।

९३) प्रत्येक स्थानीय सडकहरुको घुम्ति तथा मोडहरुमा ठुला सवारी आवागमन समेतलाई मध्यनजर गरी निर्धारित चौडाइ भन्दा ४० प्रतिशत बढी हुने गरी निर्माण गर्नु पर्दछ ।

४. मापदण्ड निर्धारण गर्ने :(१) गाँउपालिकाले आफ्ना क्षेत्र भित्र निर्माण हुने सडकहरुमा

यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ ।

९२) गाँउपालिकाले आफ्नो क्षेत्रभित्र भएको सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकि त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीका सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने :

९१) यस कार्यविधिको दफा (३) बमोजिमको सडक र सडकको अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारको संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गर्न वा व्यवसाय सञ्चालन गरेमा यस कार्यविधि बमोजिम त्यस्तो संरचना भत्काउने अधिकार गाँउपालिकालाई हुनेछ ।

९२) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्न वा भत्काउन परेमा गाँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्न भत्काउन पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाँउपालिकाले स्वीकृती प्रदान गर्न सक्नेछ ।

९३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिन परेमा तोकिए बमोजिमको क्षतिनपूर्ति सम्बन्धित जग्गा धनीलाई दिएर मात्र सडक वा पुर्वाधार बनाउनु पर्नेछ ।

६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने

९१) कसैले सार्वजनिक सडकमा कुन माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट
सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाँउपालिकाले आदेश जारी गर्न सक्नेछ ।
९२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी
पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने
गरी अन्यन्त्र लैजान समेत सक्नेछ ।

परिच्छेद ३

जलस्रोतहरुको संरक्षण र उपयोग

७. जलस्रोतको उपयोग :
९१) गाँउपालिका भित्र रहेको भूमिगत वा सतही जलस्रोतको अनधिकृत प्रयोगलाई निषेध
गरी सो को संरक्षण गर्ने दायित्व गाँउपालिकाको हुनेछ ।
९२) जलस्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगको लागि प्राथमिकता दिइनेछ :—
९क) पिउने पानी
९ख) सिंचाइ
९ग) पानी घट्ट, औधोगिक वा निर्माण प्रयोजन
९घ) जलविद्युत
९ङ) जल पर्यटन (जलक्रिडा लगायत)

आमाछोदिङ्मो स्थानीय राजपत्र

९३) गाँउपालिका क्षेत्रभित्र रहेका पानीका मुहान वा श्रोतको समूचित उपयोग गर्ने अधिकार गाँउपालिकालाई हुनेछ । मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाँउपालिकामा निहित रहनेछ ।

८. अनुमति लिनु पर्ने :

९१) यस कार्यविधि बमोजिम अनुमति नलिइ कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक

निम्नानुसार जलस्रोतको उपयोग गर्ने छैन :

९क) सार्वजनिक वा समुहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

९ख) सामुहिक रुपमा जग्गाको सिंचाइ गर्न,

९ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

९घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

९ङ) व्यवसयिक रुपमा माईक्रो हाइड्रो, पानी घट्ट सञ्चालन गर्न,

९च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

९२) जलस्रोतको सामुहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए

बमोजिमको क्रियाकलाप गर्न गाँउपालिकाको अनुमति लिनु पर्दछ ।

९३) सो सम्बन्धी प्रयोजनको लागि आवश्यक परेमा सामुदायिक उपयोगको लागि उपभोक्ता

संस्था मार्फत र व्यवसायिक उपयोगको लागि दर्तावाला कम्पनीले गाँउपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

९४) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको

राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याउने छैन

।

९. खानेपानी, सिंचाइ जस्ता जलस्रोतको सामुदायिक लाभ वयवस्थापन :

९१) गाँउपालिका क्षेत्रभित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघ जलविद्युत र ताल पोखरीका लागि जलश्रोत उपभोग गर्न परेमा सम्बन्धित क्षेत्रका उपभोक्ताहरु मिलि जल उपभोक्ता सस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण सञ्चालन गर्नु पर्नेछ ।

९२) यस कार्यविधि तर्जुमा हुुनुअघि नै सस्थागत रुपमा कुनै समुह वा सस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो कार्यविधि तर्जुमा भएको ६महिना भित्र गाँउपालिकामा दर्ता गराउनु पर्नेछ ।

१०. जल उपभोक्ता सस्थाको गठन :

९१) दफा (११) बमोजिमको लागि गठन हुने उपभोक्ता सस्थामा ९ देखि १५ जना सदस्यहरु

रहन सक्नेछन । उपभोक्ता सस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्नेछ ।

९२) यसरी गठन गर्न चाहने समुहले देहायको विवरणहरु सहित गाँउपालिकाको जल स्रोत

र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

९क) उपभोक्ता सस्थाको विद्यान

९ख) मुहान दर्ता भईसकको भए, दर्ताको प्रमाण र नभएको भए श्रातको विवरण

९ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

९घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

९ङ) परियोजनाबाट पर्ने सक्ने सामाजिक, वातावरणिय प्रभाव

९३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर कार्यपालिकाको बैठकमा छलफल र जाँचबुझ गरी गाँउपालिकाले उपभोक्ता सस्था दता गर्नेछ ।

९४) उपभोक्ता सस्ंथा अविछिन्न उत्तराधिकारवाला सस्ंथा हुनेछ । एक पटक छानिएको

सस्ंथाको कार्य समितिको अवधि ३ वर्ष हुनेछ । म्याद सकिने १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्नेछ ।

९५) सस्ंथाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिए बमोजिम हुनेछ । यस सस्ंथाले वार्षिक लेखा परिक्षण र तिर्नु पर्ने कर फस्र्या ैट गर्नु पर्नेछ । गाँउपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके बमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्नेछ ।

९६) यसरी तोकिए बमोजिमको विधि प्रक्रिया अबलम्वन नगरेमा गाँउपालिकाले उपभोक्ता सस्ंथाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

११. जलस्रोतको व्यवसायिक उपयोगको लागि अनुमति लिनु पर्ने :

९१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, एक मेगावाट सम्मको जलविद्युत आयोजना लगायतको जलस्रोतको व्यवसायिक उपयोगको लागि सो को उपयोग गर्न प्रोपाइटर, कम्पनी वा संस्थाले गाँउपालिकाबाट अनुमति लिनु पर्नेछ ।

९२) उपदफा (१) बमोजिम  एक मेगावाट  सम्मको जलविद्युत उत्पादन  गर्नु परेमा देहायको विवरणहरु खुलाई वातावरण र जलस्रोत हेर्ने शाखामा निवेदन दिनु पर्दछ ।

९क) परियोजनाको विवरण

९ख) परियोजना रहने स्थानको नक्शा  (मुख्य मुख्य संरचना समेत देखिने)

९ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

९घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

९ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

९च) परियोजना सञ्चालन गर्दा पर्ने वातावरणिय जोखिमहरु (वातावरणिय प्रभाव अध्ययन प्रतिवेदन)

९३) उपदफा (२) बमोजिम परेको आवेदन उपर गाँउकार्यपालिकाको बैठकमा

आवश्यक छलफल र जाँचबुझ गरी दरखास्त परेको मितिले पैंतिस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणिय जोखिम न्युनीकरणको शर्तहरु तोकि आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ ।

९४) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर, कम्पनी वा संस्थाले पनि तोकिएको विवरण सहित यो कार्यविधि प्रारम्भ भएको मितिले तीन महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनु पर्नेछ ।

९५) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानज बमोजिम दस्तुर वा वार्षिक शुल्क बुझाउन पर्नेछ ।

९६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाँउपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ ।

## परिच्छेद ४
## स्थानीय खानेपानी तथा सिंचाइ व्यवस्थापन सम्बन्धी व्यवस्था

१२. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने :

९१) गाँउपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ बनाइ भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

९२) नेपाल सरकार, सार्वजनिक  सस्थान र स्थानीय उपभात्तो संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेको एक भन्दा बढि खानेपानी आयोजनहरु मार्फत ५०० भन्दा बढि धाराहरुबाट खोनपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

९३) यस प्रयोजनको लागि एक भन्द बढी उपभोक्ता सस्थाहरुले यस्ता बोर्ड गठनको लागि गाँउपालिका समक्ष आवेदन पेश गर्नु पर्नेछ । यसरी बोर्ड गठनको लागि देहायको विवरणहरु सहित पेश गर्नु पर्दछ :

९क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिन भौगोलिक क्षेत्र,

९ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिन क्षेत्रभित्र रहेका खानेपानी परिमाण,

९ग) उपभोक्ताका अनुमानित संख्या तथा सेवा मागका विवरण,

९घ) सेवा सञ्चालन गनका लागि लाग्ने अनमानित लागत,

९ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोका मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारका
लागि तयार गरिएका दीर्घकालिन योजना,

९च) बोर्ड आफैले वा अन्य व्यक्ति र सस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी
व्यहोरा,

९छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी
सेवा सञ्चालन गन भए त्यस्ता सेवा प्रणाली सँग आबद्ध सम्पत्ति तथा दायित्व ।

९ज) सञ्चालन तथा व्यवस्थापन सम्बन्धि प्रस्तावित मोडेल ।

९४) उपदफा (३) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्न त्यस्तो बोर्ड गठन
गर्नु आवश्यक देखिएमा गाँउपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

९५) बोड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित सस्था हुनेछ । बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतको कार्य आफै गर्न सक्नेछ ।

१३. खानेपानी तथा सिंचाइ शुल्क निर्धारण :

९१) खानेपानीका महशुल निर्धारण गर्नको लागि देहायको सदस्यहरु भएको

आमाछोदिङ्मो स्थानीय राजपत्र

महसुल निर्धारण
समिति गठन गर्नेछ :—
९क) गाँउपालिकाको उपाध्यक्ष —संयोजक
९ख) स्थानीय जल उपभोक्ता सस्थाहरुको प्रतिनिधि —सदस्य
९ग) गाँउपालिकाको लेखा प्रमुख —सदस्य सचिव

परिच्छेद ५

भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

१४. स्वीकृती नलिइ भवन निर्माण तथा विकास गर्न नहुने :

९१) गाँउपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासको लागि कसैले पनि गाँउपालिकाबाट स्वीकृती नलिइ कुनै नयाँ भवन बनाउने, पुराना भवन भत्काइ पुनःनिर्माण गर्ने, तला थप गर्ने, माहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउनु हुदैन ।

९२) उपदफा (१) बमोजिमको कुनै कार्य गर्नु परेमा गाँउपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड २०७५ बमोजिम गर्नु पर्नेछ ।

१५. वस्ति विकासका लागि अनुमति दिनेः

९१) गाँउपालिका भित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्न वा यसरी विकास गरी विक्रि गर्ने प्रयोजनबाट वस्ति विकास परियोजना सञ्चालन गर्न चाहेमा गाँउपालिकाको कार्यालयमा वस्ति विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

परिच्छेद ६

पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१६. पूर्वाधार आयोजना तर्जुमा :

गाँउपालिका स्थानीय राजपत्र

(१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासको लागि योजना तर्जुमा गरि गाँउ सभाबाट पारित गर्नु पर्नेछ ।

(२) पुर्वाधार योजना तर्जुमाको क्रममा देहाय बमोजिम उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ :

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम

(ग) आयोजना सम्पन्न गर्दा लाग्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान

(ङ) उठन सक्न सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनको स्वरुप

१७. लागत अनुमान तयार गर्नु पर्ने :

(१) गाँउपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विियोजन गर्नु पुर्व  प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि  निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

१८. पूवार्धार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन

(१) गाँउपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्ने अनुसची १ मा उल्लेखित पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको प्रक्रियाहरु अवलम्वन गरिनेछ ।

(क) रु. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट

(ख) रु. तीस लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु. साठी लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायि

आमाछोदिङमो स्थानीय राजपत्र

मार्फत

९घ) रु. साठी लाख भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमको निर्माण व्यवसायि मार्फत

९ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापनका कार्य साझेदारी मार्फत

१९ उपभोक्ता समिति मार्फत गर्न सकिने :

९१) रु. तीस लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिनेछ ।

९२) उपभोक्ता समिति सम्बन्धी अन्य व्यवस्था उपभोक्ता समितिको गठन परिचालन तथा

व्यवस्थापन सम्बन्धी कायविधि २०७६ बमोजिम हुनेछ ।

२०. स्थानीय निर्माण व्यवसायी दर्ता गर्ने :

९१) गाँउपालिकाले ६०लाख रुपैया सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनको लागि गाँउपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ ।

९२) उपदाफा (१)को प्रयोजनको लागि स्थानीय निर्माण व्यवसायी दर्ता सम्बन्धी अन्य व्यवस्था''घ"

वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

२१. स्थानीय निर्माण व्यवसायीबाट पूर्वाधार निर्माण गराइने :

९१) गाँउपालिकाले दफा (२०) बमोजिमको स्थानीय निर्माण व्यवसायीहरु मार्फत ६०

लाख सम्मको काम गराउन सक्नेछ ।

आमाकोशि गाउँपालिका स्थानीय राजपत्र

९२) उपदफा (१) प्रयोजनको लागि आपसी प्रतिस्पर्धाको आधारमा छनौट गर्न सक्नेछ ।

९३) गाँउपालिकामा दता भएको व्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको व्यवस्था हुनेछ : —

९क) रित पुर्वक गाँउपालिकाको संक्षिप्त सूचीमा सूचिकृत व्यवसायीहरु मध्ये बाट १५
दिनको सुचना दिइ प्रस्ताव माग गर्न सकिने ।

९ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य
आवश्यक, कुराहरु खुलाउनु पर्ने ।

९ग) न्युनतम कबोल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिन भित्र
सम्झौताको लागि आव्हान गर्ने ।

९घ) छानिएको व्यवसायीले कबोल रकमको १५ प्रतिशत बैंक ग्यारेन्टि सहित सम्झौताको
लागि आउनु पर्ने ।

९४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उपकरार गर्न सकिने छैन । कुनै कारणवश आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भए सो को सुचना गाँउपालिकालाई दिनु पर्नेछ । त्यसरी सुचना प्राप्त भएमा गाँउपालिकाले आवश्यक जाँचबुझ गरी सम्झौता तोडी बाँकि काम नियमानुसार गराउनु पर्नेछ ।

९५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाण पत्र प्राप्त गरेको मितिल पैतिस दिनभित्र गाँउपालिका कार्यलयमा पेश गर्नु पर्दछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

२२. पूर्वाधार मर्मत संभार कोष :

९१) गाँउपालिका भित्र रहेका पालिका स्तरिय वा केन्द्र/प्रदेश स्तरिय पूर्वाधारहरुको नियमित तथा आवश्यक्ता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधारहरुको नियमित तथा आवश्यक्तानुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधार मर्मत कोष स्थापना गरिनेछ ।

९२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक खानेपानी इत्यादीबाट प्राप्त रोयल्टि रकमको १० प्रतिशतले दाखिला गरिनेछ ।

परिच्छेद ७

पूर्वाधार अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

२३. पूर्वाधार अनुगमन समितिका गठन :

९१) गाँउपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्र्तगत निर्माण हुने ठुला आयोजन तथा गाँउपालिकाको आफ्नो बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एव मर्मत सम्भार कार्यहरुको गुणस्तर र समयबद्ध प्रगति अनुगमन गर्नको लागि गाँउपालिका स्तरिय पूर्वाधार अनुगमन समितिको गठन देहाय बमाजिम हुनेछ :

९क) गाँउपालिका उपाध्यक्ष —अध्यक्ष

९ख) पूर्वाधारका मुख्य काम हुन वडाका वडाध्यक्ष —सदस्य

९ग) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी -सदस्य

९घ) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

९ङ) गाँउपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख —सदस्य सचिव

२४. समितिको बैठक र निर्णय :

९१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

९२) समितिको बैठक समितिको अध्यक्षले तोकको मिति, समय र स्थानमा

बस्नेछ ।

२५. अनुमगन पश्चात निर्देशन दिन सक्ने :

९१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयबद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

९२) केन्द र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ ।

२६. सहमति दिनु पर्ने : गाँउपालिकाको बजेट मार्फत सञ्चालन हुने ३० लाख माथि लागत भएको पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न पुर्वाधार अनुगमन समितिले सहमति दिनु पर्नेछ ।

२७. कारवाहीको सिफारिस गर्न सक्ने : गाँउपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्र्तगतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीको लापरवाहीका कारण निर्धारित समय भित्र प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीहरुलाई कारवाहीको लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाँउपालिका भित्रको निर्माण व्यवसायिलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

२८. कालो सुचीमा राख्रे :

९१) देहायको अवस्थामा गाँउपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरि कालो सुचीमा राख्र सक्नेछ ।

९क) कुनै फौजदारी कसुरमा अदालतबाट दोषि ठहर भएमा,

९ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३महिना सम्म काम शुरु नरगेमा

९ग) सम्झौता अनरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

९घ) योग्यताको कागजात पेश गदा ढाँटी वा झुक्याइ खरीद सम्झौता गरेको प्रमाणित हुन आएमा,

९ङ) डर त्रास वा धम्कि दिइ खरीद प्रक्रियालाई प्रभावित पार्ने कार्य गरेमा

९२) उपरोक्त बमोजिम कालो सुचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालोसुचीको अवधि तोक्न सकिनेछ ।

२९. प्राविधिक मुल्याङ्कन गर्नु पर्ने :

९१) गाँउपालिका भित्र निर्माण भएको भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याङ्कन  गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

९२) उपदफा (१) बमोजिम प्राविधिक जाँचकोलागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न
सकिनेछ ।

परिच्छेद ८

सार्वनजिक निजी साझेदारीमा पूर्वाधार संरचनाका निर्माण तथा सञ्चालन

३०. निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :

९१) यस कार्यविधि बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, सस्ंथा वा कम्पनीसँग गाँउपालिकाले  खानेपानी, विद्युत, सडक, सरसफाइसँग  सम्बन्धित संरचना  वा पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी  गर्न सक्नेछ ।

९२) उपदफा (१) को प्रयोजनको लागि गाँउपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र औचित्यको आधारमा देहाय बमोजिमको विभिन्न मोडेलहरु अवलम्वन गरी निजी
साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाड गर्ने गरी निश्चित अवधीको लागि सम्झौता गर्न सक्नेछ ।

९क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षको लागि

९ख) निर्माण सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षको लागि

९ग) निर्माण स्वामित्वकरण सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षको लागि

९घ) लिज वा कन्शेसन : सम्झौतामा तोकिए बमोजिममा अधिकतम २२ वष

३१. प्रस्ताव आव्हान गर्न सक्ने :

९१) गाँउपालिकाले दफा (३०) बमोजिम पुर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा

संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनको लागि मनसाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

९२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, सस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायको विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ ।

९क) निर्माण गर्नुपर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

९ख) अनुमानित लागत

९ग) वित्तिय स्रोत

९घ) वातावरणिय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

९ङ) कार्यान्वयनको विवरण

९च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्युन गर्ने प्रस्तावित उपायहरु

९छ) परियोजनाको नक्शा तथा ड्रइङ्ग डिजाइन

९ज) प्रस्तावित शुल्क र करार अवधी

३२. प्रस्ताव छनौट र सम्झौता :

९१) प्राप्त भएको प्रस्ताप उपर  गाँउपालिकाले विज्ञ टोलीद्वारा तपशिलको आधारहरुमा मुल्यांकन गराइ प्रस्ताव छनौट गर्न सक्नेछ ।

९क) पुर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

९ख) प्रस्तावित निजी लगानी

९ग) सेवा शुल्क र रोयल्टि रकम

९घ) लिज अवधि

९ङ) प्रविधिको नौलोपन स्थानीय रोजगारीको अवसर वृद्धि

९२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाँउपालिकाले अवधी किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ ।

३३. सञ्चालन तथा व्यवस्थापनः

९१) सम्झौता अवधिभरी पुर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । सम्झैतामा हेरफेर गर्नुपरेमा निजि साझेदार वा गाँउपालिकाको तर्फबाट एकअर्कालाई प्रस्ताव गर्नुपर्ने आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ ।

## परिच्छेद ९

## वातावरण, भुसंरक्षण तथा वैकल्कपिक उर्जा

३४. वातवरणीय प्रभाव मुल्याकन सम्बन्धी व्यवस्था :

९१) गाउँपालिकाले ६०लाख देखि १० करोड भन्दा माथिको लागत भएको पुर्वाधार आयोजनाहरुका वातावरणीय परिक्षण र १० करोड भन्दा माथिको लागत भएको पुर्वाधारहरुमा वातावरण प्रभाव मुल्याङकन गराउनु पर्नेछ ।

९२) आयोजनाको वातवरणीय परिक्षण र स्विकृति गाँउपालिका स्वयम्ले गर्न सक्नेछ ।

९३) वातवरणीय परिक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपी गाँउपालिकाको सार्वजानिक सुचना पाटिमा टाँस गरी ७ दिनको म्याद सहित सुझाव माग गर्नु पर्नेछ ।

३५. बैकल्कपिक ऊर्जालाई प्रोत्साहनः

पुर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रहोत्सान गर्नु पर्नेछ ।

९१) कुनै घरमा सोलार, वायोग्यास, सुधारीएको चुल्हो लगाएतको वैकल्पिक उर्जा जडान गर्नुअघि वडा कार्यलय मार्फत गाँउपालिकामा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराएमा सोको लागि सरकारबाट पाउने अनुदान वा सहयोग दिईने छैन ।

९२) घरेलु शौचालयलाई वायोग्याँस उत्पादमा प्रयोग गर्ने घरधुरीलाई गाँउपालिकाले सम्पत्ति

कर वा मालपोत १० प्रतिशत सम्म छुट दिन सक्नेछ ।

३६.भू—क्षय नियन्त्रण सम्बन्धि कार्य गर्न सक्नेः

९१) गाँउपालिका भित्रको भूक्षय ग्रस्त सार्वजानिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफुलजन्य वनस्पतिको रोपण गर्न स्थानिय समूदायलाई अनुमति दिन सक्नेछ ।

९२) यस्तो कार्यको लागि सम्वन्धित ब्यक्ति वा समूहले स्थान तोकि वृक्षारोपणको लागि गाँउपालिका समक्ष निवेदन दिन सक्नेछ ।

९३) वृक्षरोपणको लागि प्रस्तावित क्षेत्रका ब्यक्तिले चर्चेको जमिन वा अन्य सार्वजानिक आवागमनमा वाधा पुऱ्याउन खालको हुन हुदैन ।

९४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाँउपालिकाले अधिकतम ७ वर्षको लागि वृक्षरोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

९५) उपरोक्त बमोजिम अनुमति दिदा सडक छेउका हकमा सम्बन्धीत संधियारलाई प्राथामिकता दिनुपर्छ ।

३७.फोहोरमैला तथा फोहोर पानी व्यवस्थापन :

९१) गाँउपालिका भित्र उत्सर्जन हुने ठोस तरल फोहोरलाई यथोचित व्यवस्थापनको

लागि व्यवस्थित कार्य योजना बनाउनु पर्ने ।

९२) गाँउपालिका भित्र फोहोरमैला व्यावस्थापनको लागि ल्यण्डफिल्ड साईट निर्माण गर्न अन्य गाँउपालिकासँग समन्वय गर्न सकिनेछ ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

## परिच्छेद १०
## विविध

३८. अन्तर स्थानिय समन्वय :

९१) सिमा जोडिएका गाउँपालिका वा सरोकार राख्ने अन्य गाँउपालिकासँग पूर्वाधार निर्माण तथा मर्मत कार्यकोलागि गाँउपालिकाबाट अनुमोदन गराई आवश्यक समन्वय र सहकार्य गर्न सकिनेछ ।

३९. प्रचलित कानुन बमोजिम हुने : यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसुचि (१)
### दफा (१८) सँग सम्बन्धित

९क) स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक, सिंचाइ सम्बन्धीत नीति, कानुन, मापदण्ड , योजना, कार्यान्वयन र नियमन

९ख) स्थानिय सडक, ग्रामिण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाइ र तटबन्द

सम्वन्धी स्थानिय तहको गुरुयोजना तर्जुमा, निर्माण स्तरोन्नति आयोजना पहिचान, अध्ययन, कार्यन्वयन, मर्मत सम्भार र नियमन

९ग)स्थानिय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

९घ) स्थानिय खानेपानि सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यन्वयन र नियमन

९ङ) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

९च)साना जलविधुत आयोजना सम्बन्धी स्थानिय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन र नियमन

९छ) स्थानिय स्तरमा खानेपानी, वैकल्पीक उर्जा सम्वन्धी नीति कानुन, मापदण्ड र योजना, कार्यान्वयन र नियमन

९ज) स्थानिय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सञ्चालन र नियमन

९झ) स्थानिय साना सतह तथा भुमिगत सिंचाइ प्रणालीको सञ्चालन, मर्मत सम्भार सेवा

शुल्क निर्धारण र संकलन तथा व्यवस्थापन

९ञ) स्थानिय स्तरमा तटबन्ध निर्माण, पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

९ट) स्थानिय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी नयाँ प्रविधिको विकास, क्षमता अभिवृद्धि र हस्तान्तरण ।

आज्ञाले

गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकिय अधिकृत

आमाछोदिङ्मो स्थानीय राजपत्र